# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, फाल्गुन १४ गते २०३० साल [संख्या ४५

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारबाट निकासी पैठारी (नियन्त्रण) नियमहरू, २०२४ बमोजिम इजाजत प्राप्त गरेर मात्र भारतबाट नेपाल अधिराज्यभित्र निम्न वस्तुहरू पैठारी गर्न पाउने गरी नियन्त्रण गर्ने यो आदेश जारी गरेको छ ।

(१) जगर
(२) कच्चा जूट
(३) मानिसको रौं
(४) जंगली जनावरको छाला
(५) अभ्रख
(६) खसी, बोकाको छाला
(७) मयूरको प्वाँख
(८) सुक्खा च्याउ
(९) ठूलो अलैंची
(१०) श्रीखण्डको तेल
(११) मसूरोको दाल
(१२) कस्तूरी
(१३) रौंबाट बनेको माल
(१४) पारो (मर्करी)
(१५) ट्रेलर र ट्र्याक्टरका अन्य औजारहरू

नेपाल राजपत्र खण्ड २१ संख्या ३२ मिति २०२८।८।२० को भाग ३, खण्ड २२ संख्या २३ मिति २०२९।६।२ को भाग ३ र खण्ड २२ संख्या ३४ मिति २०२९।८।२६ को भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।